नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# स्टार्टअप फास्ट ट्र्याक (Startup Fast Track) कार्ययोजना, २०८३

## १. पृष्ठभूमि

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत १३ गते स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ५६ मा देशमा उद्यमशीलता प्रवर्धन, लगानी वातावरण सुधार तथा व्यवसाय दर्ता प्रक्रियालाई सरल, छिटो (दुई दिनभित्र) र झन्झटरहित बनाउन "Startup Fast Track" प्रणाली लागू गर्ने उल्लेख गरिएको छ। स्टार्टअपमा आधारित व्यवसायको सहजीकरण तथा प्रवर्धनका लागि तीन तहका सरकारका उद्योग व्यवसाय दर्ता गर्ने निकायबाट हुने स्टार्टअप उद्यम व्यवसायको दर्ता तथा दर्ता पश्चातको प्रशासनिक एवम् नियमनकारी कार्यलाई सहजीकरण गर्न र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट स्टार्टअप उद्यम प्रवर्धनका लागि व्यवसाय सम्बर्धन सेवा, कोचिङ, मेन्टोरिङ, सहुलियतपूर्ण स्टार्टअप कर्जा, व्यवसाय विकास परामर्स सेवा, विजनेश क्लिनिक सेवा, बुटक्याम्प लगायतका सेवाहरु सहज एवम् छिटोछरितो उपलब्ध गराउने उद्देश्यले यो कार्ययोजना कार्यान्वयनमा ल्याइएको छ।

## २. स्टार्टअप प्रवर्धन सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था

नवप्रवर्तनकारी एवम् सिर्जनशील सोचमार्फत उद्यमशीलता विकास गरी उत्पादन एवम् रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यका साथ नेपाल सरकारले राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१ जारी गरेको छ। यसअघि विभिन्न नीति तथा कानूनमा छरिएर रहेको स्टार्टअप प्रवर्धन र विकास सम्बन्धी कार्यक्रमलाई छुट्टै नीतिगत व्यवस्थाले स्टार्टअप प्रवर्धन र विकास सम्बन्धी एकीकृत दृष्टिकोण र स्पष्ट मार्गचित्र तय भएको छ। लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१ द्वारा औद्योगिक व्यसाय ऐन, २०७६ मा संशोधन गरी स्टार्टअप उद्यमको दर्ता र स्टार्टअपलाई सुविधा उपलब्ध गराउने, साथै स्टार्टअप उद्यमलाई प्रवर्धन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा उद्यम सम्वर्धन केन्द्रको सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। जसअनुसार कुनैपनि फर्म वा कम्पनीले कुनै वस्तु वा सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण तथा सिर्जनशील सोचको प्रयोग गरी व्यावसायिक रुपमा सञ्चालन गरेको देहाय बमोजिमका उद्यमलाई उद्योग दर्ता गर्ने निकायले स्टार्टअप उद्यमका रुपमा दर्ता गर्न सक्ने कानूनी व्यवस्था गरिएको छ।

(क) नयाँ कम्पनी, प्राइभेट फर्म वा साझेदारी फर्मको रुपमा दर्ता भएको,

(ख) वस्तु वा सेवाको उत्पादनमा नवीन सोच र प्रविधि प्रयोग भएको,

(ग) छिटो स्तरोन्नतीको सम्भावना भएको,

(घ) दर्ता भएको मितिले १० वर्ष ननाघेको,

(ङ) कुनै आ.व. मा वार्षिक कारोवार १५ करोड रुपैया भन्दा बढी नभएको।

औद्योगिक व्यवसाय नियमावली, २०७८ मा भएको पहिलो संशोधन, २०८१ ले स्टार्टअप फर्म वा कम्पनी दर्ता तथा सञ्चालन, दर्ता खारेजी र स्टार्टअप उद्यम प्रवर्धन सम्वन्धी प्रक्रियागत व्यवस्था समेत गरेको छ। नवप्रवर्तनमा आधारित स्टार्टअप कर्जा कार्यक्रम बिस्तार, व्यवसाय सम्वर्धन केन्द्र (Business Incubation Centre) स्थापना र सञ्चालन, इ-कमर्श मार्फत व्यापारको विकास, बौद्धिक सम्पत्ति संरक्षण नेपाल सरकारको नीति रहेको छ। त्यसैगरी "काम खोज्ने होइन, काम दिने युवाको सङ्ख्या वृद्धि गर्न नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमशीलता प्रवर्द्धन गर्ने, जेन-जी पुस्तालाई उद्यमशील एवम् व्यावसायिक बनाउन सरकार, विश्वविद्यालय र निजी क्षेत्रसँगको सहकार्यमा इन्कुवेशन सेन्टर सञ्चालन गर्ने र स्टार्टअप उद्यमीलाई सीप विकास, व्यवसाय विस्तार, बजारीकरण र मूल्य श्रृङ्खलामा आवद्ध गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रम विस्तार गर्ने लगायतका कार्यक्रम सञ्चालन हुदै आइरहेको छ।

## ३. Startup Fast Track प्रणाली कार्यान्वयन सम्बन्धी सुधारका क्षेत्र:

३.१ संघीय कानून बमोजिम स्टार्टअपमा आधारित उद्योग, व्यवसाय दर्ता र नियमन सम्वन्धी प्रावधान समावेश गरी प्रदेश कानूनमा समसामयिक परिमार्जन गर्न समन्वय गर्ने,

३.२ स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका स्टार्टअप उद्योग दर्ता गर्ने निकायमा गरिने उद्योग व्यवसायको प्रकृति, क्षेत्र र दर्ता प्रक्रिया लगायतका सम्वन्धमा आवश्यकता अनुसार सम्वन्धित निकायले कार्यविधि तर्जुमा गर्ने,

३.३ स्टार्टअपमा आधारित व्यवसाय दर्ता र दर्ता पश्चातका प्रशासनिक तथा नियमनकारी प्रक्रियालाई छिटो, छरितो र सरल तरिकाबाट सम्पादन गर्न हाल सञ्चालनमा रहेका विधुतीय सूचना व्यवस्थापन प्रणालीमा स्टार्टअप उद्यम दर्ता सम्बन्धी फिचरसमेत समावेश गरी One Door Business Registry Platform मार्फत सेवा प्रवाह गर्ने। साथै सबै प्रदेश सरकार अन्तरगतका उद्योग व्यवसाय दर्ता गर्ने निकायहरुले समेत One Door Business Registry Platform मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

३.४ स्टार्टअप उद्यमको रुपमा दर्ता हुन चाहने उद्यम व्यवसायहरुको हकमा प्रचलित कानून बमोजिम दर्ता भई One Door Business Registry Platform मार्फत प्रमाणिकरण भएका स्टार्टअप उद्यमलाई औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट व्यवासय सम्वर्धन सेवा, कोचिङ, मेन्टोरिङ, सहुलियतपूर्ण कर्जा, व्यवसाय विकास परामर्स सेवा, विजनेश क्लिनिक सेवा लगायतका सेवा सुविधा उपलब्ध गराउने,

३.५ स्टार्टअप दर्ता गर्ने निकायका विद्युतीय प्रणालीमा पेश गरेका एकै किसिमका विवरण तथा कागजात अर्को निकायमा पेश गर्न नपर्ने गरी Auto Fill & Auto Retrieval हुने (Once -Only Principle-OOP) प्रणाली अवलम्बन गर्ने,

३.६ स्टार्टअपमा आधारित व्यवसायको सहजीकरणका लागि तीन तहका सरकारका उद्योग व्यवसाय दर्ता गर्ने निकाय र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा छुट्टै कर्मचारी (Dedicated Staff) सहित Startup Help Desk तथा AI Supported FAQ प्रणालीको विकास गरी सञ्चालनमा ल्याउने,

३.७ प्रदेश कानून बमोजिम स्थानीय तहमा हुने व्यवसाय दर्ताका क्रममा स्थानीय तहबाट स्टार्टअप उद्यमलाई प्रवर्धन गर्न स्थानीय तहमा कार्यरत उद्यम विकास सहजकर्ता (Enterprise Development Facilitator-EDF) लाई स्टार्टअप फोकल पर्सनको रुपमा तोकी स्टार्टअपमा आधारित उद्यमशीलता विकास, उद्यम सम्वर्धन सेवा सञ्चालन, व्यवसाय विकास लगायतका विषयमा सहजीकरण गर्ने ,

३.८ न्यूनतम बार्षिक अनुपालन गर्ने उद्योग, व्यवसाय वा कम्पनीलाई सक्रिय गतिविधि विना पनि बढीमा तीन वर्षसम्म निष्क्रिय (Dormant) अवस्थामा राख्न पाउने कानूनी व्यवस्था गर्ने,

३.९ स्टार्टअपमा आधारित उद्योग, व्यवसाय वा कम्पनीलाई सरलीकृत कर अनुपालनाका लागि पहिलो तीन वर्षसम्म त्रैमासिकको सट्टा बार्षिक रुपमा कर विवरण पेश गर्ने र सात दिनभित्र अनिवार्य रुपमा कर चुक्ता (Tax Clearance) प्रमाणपत्र जारी गर्ने व्यवस्था मिलाउने,

३.१० लगातार तीन वर्षसम्म कारोबार नगरेका, कर्मचारी/कामदार नभएका र कुनै दायित्व बाँकी नभएका स्टार्टअप उद्यमलाई सात दिनभित्र उद्योग, व्यवसाय वा कम्पनी विघटन गर्न पाउने कानूनी व्यवस्था गर्ने,

## ४. Startup Fast Track कार्यान्वयन कार्ययोजना

| क्र.सं. | कार्यनीति | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | प्रमुख कार्यसम्पादन सूचक-(KPI) |
|---|---|---|---|---|---|
| १ | संघीय कानून बमोजिम स्टार्टअपमा आधारित उद्योग, व्यवसाय दर्ता र नियमन सम्बन्धी प्रावधान समावेश गरी प्रदेश कानूनमा समसामयिक परिमार्जन गर्न समन्वय गर्ने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश सरकारको उद्योग तथा वाणिज्य क्षेत्र हेर्ने मन्त्रालय | ३ महिना र निरन्तर | कानून संशोधन भएको हुने |
| २ | स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका स्टार्टअप उद्योग दर्ता गर्ने निकायमा गरिने उद्योग व्यवसायको प्रकृति, क्षेत्र तथा आकार र दर्ता प्रक्रिया लगायतका सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकायले कार्यविधि तर्जुमा गर्ने, | उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग कम्पनी रजिष्टार को कार्यालय,<br>प्रदेश सरकारको उद्योग तथा वाणिज्य हेर्ने निकाय, स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>प्रदेश सरकारको उद्योग तथा वाणिज्य हेर्ने मन्त्रालय | ३ महिना | कार्यविधि तर्जुमा भएको हुने |
| ३ | स्टार्टअपमा आधारित व्यवसाय दर्ता र दर्ता पश्चातका प्रशासनिक तथा नियमनकारी प्रक्रियालाई छिटो, छरितो र सरल तरिकाबाट | उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | ६ महिना र निरन्तर | प्लेटफर्म मार्फत सेवा प्रवाह भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्पादन गर्न हाल सञ्चालनमा रहेका विद्युतीय सूचना व्यवस्थापन प्रणालीमा स्टार्टअप उद्यम दर्ता सम्बन्धी फिचरसमेत समावेश गरी One Door Business Registry Platform मार्फत सेवा प्रवाह गर्ने,<br>साथै सबै प्रदेश सरकार अन्तरगतका उद्योग व्यवसाय दर्ता गर्ने निकायहरुले समेत One Door Business Registry Platform मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने, | संरक्षण विभाग, कम्पनी रजिष्टारको कार्यालय,<br>प्रदेश सरकार अन्तरगतका उद्योग दर्ता गर्ने निकायहरु | प्रदेश सरकारको उद्योग तथा वाणिज्य हेर्ने मन्त्रालय | | |
| ४ | स्टार्टअप उद्यमको रुपमा दर्ता हुन चाहने उद्यम व्यवसायहरुको हकमा प्रचलित कानून बमोजिम दर्ता भई One Door Business Registry Platform मार्फत प्रमाणीकरण भएका स्टार्टअप उद्यमलाई औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट व्यवासय सम्बर्धन सेवा, कोचिङ, मेन्टोरिङ, सहुलियतपूर्ण कर्जा, व्यवसाय विकास परामर्श सेवा, बिजनेश क्लिनिक सेवा लगायतका सेवा सुविधा उपलब्ध गराउने। | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान,<br>प्रदेश अन्तरगत सञ्चालित व्यवासय सम्बर्धन केन्द्र (Business Incubation Centre) | उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग कम्पनी रजिष्टारको कार्यालय,<br>प्रदेश सरकारका उद्योग दर्ता गर्ने निकाय, निजी क्षेत्रका छाता संगठनहरु | ३ महिना र निरन्तर | सेवा प्रवाह भएको हुने |
| ५ | स्टार्टअप दर्ता गर्ने निकायका विद्युतीय प्रणालीमा पेश गरेका एकै किसिमका विवरण तथा कागजात अर्को निकायमा पेश गर्न नपर्ने गरी | उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | ६ महिना र निरन्तर | प्रणाली शुरु भएको हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | Auto Fill & Auto Retrieval हुने (Once -Only Principle-OOP) प्रणाली अवलम्बन गर्ने। | संरक्षण विभाग कम्पनी रजिष्ट्रारको कार्यालय, प्रदेश सरकारका उद्योग दर्ता गर्ने निकाय | प्रदेश सरकारको उद्योग तथा वाणिज्य हेर्ने मन्त्रालय | | |
| ६ | स्टार्टअपमा आधारित व्यवसायको सहजीकरणका लागि तीन तहका सरकारका उद्योग व्यवसाय दर्ता गर्ने निकाय र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमा छुट्टै कर्मचारी (Dedicated Staff) सहित Startup Help Desk तथा AI Supported FAQ प्रणालीको विकास गरी सञ्चालनमा ल्याउने, | उद्योग विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग कम्पनी रजिष्टारको कार्यालय, प्रदेश सरकारका उद्योग दर्ता गर्ने निकाय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकारको उद्योग तथा वाणिज्य हेर्ने मन्त्रालय | १ महिना र निरन्तरता | Startup Help Desk तथा AI Supported FAQ प्रणाली सञ्चालनमा आएको हुने । |
| ७ | प्रदेश कानून बमोजिम स्थानीय तहमा हुने व्यवसाय दर्ताका क्रममा स्थानीय तहबाट स्टार्टअप उद्यमलाई प्रवर्धन गर्न स्थानीय तहमा कार्यरत उद्यम विकास सहजकर्ता (Enterprise Development Facilitator-EDF) लाई स्टार्टअप फोकल पर्सनको रुपमा तोकी स्टार्टअपमा आधारित उद्यमशीलता विकास, उद्यम सम्वर्धन सेवा सञ्चालन, व्यवसाय विकास लगायतका विषयमा सहजीकरण गर्ने। | स्थानीय तह | प्रदेश/ जिल्लास्तरमा सञ्चालित व्यवसाय सम्वर्धन केन्द्र | १ महिना | सहजीकरण भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | न्यूनतम वार्षिक अनुपालन गर्ने उद्योग, व्यवसाय वा कम्पनीलाई सक्रिय गतिविधि विना पनि बढीमा तीन वर्षसम्म निष्क्रिय (Dormant) अवस्थामा राख्न पाउने कानूनी व्यवस्था गर्ने, | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय | ६ महिना | कानूनको मस्यौदा म.प.मा पेश भएको हुने |
| ९ | स्टार्टअपमा आधारित उद्योग, व्यवसाय वा कम्पनीलाई सरलीकृत कर अनुपालनाका लागि पहिलो तीन वर्षसम्म त्रैमासिकको सट्टा वार्षिक रुपमा कर विवरण पेश गर्ने र सात दिनभित्र अनिवार्य रुपमा कर चुक्ता (Tax Clearance) प्रमाणपत्र जारी गर्ने व्यवस्था मिलाउने | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, आन्तरिक राजस्व विभाग | ६ महिना | कानूनको मस्यौदा म.प.मा पेश भएको हुने |
| १० | लगातार तीन वर्षसम्म कारोबार नगरेका, कर्मचारी/कामदार नभएका र कुनै दायित्व बाँकी नभएका स्टार्टअप उद्यमलाई सात दिनभित्र उद्योग, व्यवसाय वा कम्पनी विघटन गर्न पाउने कानूनी व्यवस्था गर्ने | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय | ६ महिना | कानूनको मस्यौदा म.प.मा पेश भएको हुने |